मानननीय आर्थिक मामिला मन्त्री प्रकाश रावलले
सुदूरपश्चिम प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**आर्थिक मामिला मन्त्रालय**
धनगढी, कैलाली

माननीय सभामुख महोदय,

१. सुदूरपश्चिम प्रदेशको यस गरिमामयसभामा प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०७९/८० को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता पेश गर्न उपस्थित भएको छु। नागरिकको सुशासन, विकास र समृद्धिको आकांक्षालाई पूरा गर्ने मूल ध्येयका साथ आगामी आर्थिक वर्षको विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

२. गणतन्त्रात्मक संविधान र संघीय शासन व्यवस्थाको कार्यान्वयनदेखि हालसम्म प्राप्त उपलव्धीलाई संस्थागत गर्दै उत्पादनशील क्षेत्रमा थप लगानी गरी तीव्र आर्थिक वृद्धि हासिल गर्न र साधन स्रोतको वितरणलाई सन्तुलित र न्यायोचित बनाई सामाजिक न्यायको प्रत्याभूति गराउन सरकार दृढ संकल्पित छ। उत्पादन एवं उत्पादकत्व अभिवृद्धि, पूर्वाधार निर्माण र सामाजिक विकासलाई **'आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश'** निर्माणको आधार मानी बजेटका सिद्धान्त र प्राथमिकता निर्धारण गरेको छु।

३. विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को असर क्रमशः शिथिल भई जनजीवन सामान्य बन्दै गइरहेको छ। आर्थिक तथा सामाजिक गतिविधि पुनर्स्थापित हुने क्रममा छन। केन्द्रीय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको प्रक्षेपण अनुसार चालु आर्थिक वर्षमा यस प्रदेशको आर्थिक वृद्धिदर ४.९३ प्रतिशत हासिल हुने अनुमान छ। प्रदेशको कूल गार्हस्थ्य उत्पादन ३ खर्व ३८ अर्व

७२ करोड रुपैयाँ कायम भई राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको हिस्सा ७ प्रतिशत रहने अनुमान छ ।

४. प्रदेश सरकारको विद्यमान संस्थागत संरचना, मानव संशाधन र वित्तीय स्रोत साधनको समुचित परिचालन गरी नागरिकको विकास प्रतिको आकांक्षा र प्रदेशको सीमित स्रोत साधनको उपलव्धताबीच तादम्यता कायम गर्दै आगामी आर्थिक वर्षको विनियोजन विधेयक तर्जुमा गर्नु पर्ने अवस्था रहेको छ।

५. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं योजनाले परिलक्षित गरेका प्रदेश विकासका आवधिक एवम् दीर्घकालीन प्राथमिकता, दिगो विकास लक्ष्य, सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, प्रदेशको मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारका नीति तथा कार्यक्रम समेतलाई आगामी वर्षको बजेट तर्जुमाको मार्गदर्शनको रूपमा लिएको छु। निरपेक्ष गरिबीको मारमा परेका दलित, सीमान्तकृत र बञ्चितीकरणमा परेका वर्ग, क्षेत्र, समुदाय सहित आम प्रदेशवासी नागरिकको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने गरी बजेटका सिद्धान्त र प्राथमिकता तय गरेको छु।

**माननीय सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७९ का सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

६. उपलब्ध स्रोत साधन, पूँजी र प्रविधिको महत्तम परिचालन गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जनाका

माध्यमबाट समृद्धि हासिल गर्ने ध्येयका साथ आगामी बजेट तर्जुमा गरिनेछ।

७. सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा संघ र स्थानीय तहसँगको  सम्वन्ध थप सुदृढ बनाउँदै प्रदेशको अधिकार र कार्य जिम्मेवारी कुशलता पूर्वक निर्वाह गरी संघीय शासन प्रणालीलाई सेवा प्रवाह र आर्थिक विकासको संवाहकको रूपमा स्थापित गर्नेतर्फ आगामी बजेट परिलक्षित हुनेछ।

८. उत्पादनका साधनहरुको सामुहिकीकरण, स्थानीय स्रोत साधनको परिचालन, तुलनात्मक लाभका क्षेत्रको पहिचान एवम् प्रवर्द्धन गरी सरकारी, निजी र सहकारी क्षेत्रको संयुक्त सहभागितामा प्रदेशको दिगो, फराकिलो एवम् समष्टिगत आर्थिक स्थायित्व सहितको तीव्र आर्थिक बृद्धि हासिल गर्दै विकासको प्रतिफलमा समानुपातिक तथा समन्यायिक पहुँच स्थापित गरिनेछ।

९. लगानी सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था गरी यस प्रदेशलाई लगानीको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्न विशेष प्राथमिकता दिइनेछ। सार्वजनिक निजी साझेदारीका माध्यमबाट कृषि, पर्यटन, उद्योग, उर्जा, शिक्षा, स्वास्थ्य, लगायतका पूर्वाधार विकासमा लगानी प्रवर्द्धन गर्नेतर्फ आगामी बजेटले विशेष जोड दिनेछ।

१०. समाजमा विद्यमान सबै प्रकारका भेदभाव तथा असमानता अन्त्य गर्दै सामाजिक समावेशीकरण, सशक्तिकरण र मूलप्रवाहीकरण मार्फत आत्मनिर्भर, उन्नतशील, स्वतन्त्र, समृद्ध, समाजवाद उन्मुख प्रादेशिक अर्थतन्त्र निर्माण गर्नेतर्फ आगामी बजेट परिलक्षित हुनेछ।

११.कोभिड-१९ को महामारीबाट आर्थिक सामाजिक क्षेत्रमा पर्न गएको असरका बाबजुद प्रदेश सरकारले विकास, समृद्धि र सुशासनको क्षेत्रमा हालसम्म हासिल गरेका उपलब्धीलाई संस्थागत गर्दै जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन हासिल गर्नेतर्फ बजेट केन्द्रित हुनेछ। प्रादेशिक स्वास्थ्य सेवाको सुदृढीकरणमार्फत एकीकृत स्वास्थ्य सेवा प्रणालीको विकास गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँच स्थापित गरिनेछ। कोभिड-१९ लगायतका महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारका लागि प्रदेश सरकारले निर्वाह गर्दै आएको भूमिकालाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ।

१२.प्रदेशको आन्तरिक आय अभिवृद्धिका लागि विद्यमान राजस्व प्रणाली सुधारको सम्भाव्यता अध्ययन गरी कुल आयमा आन्तरिक राजस्वको योगदान बढाउँदै लगिनेछ। आगामी बजेटमार्फत करको दायरा विस्तार, करका दर परिमार्जन र आन्तरिक राजस्व प्रणालीको संरचनात्मक व्यवस्थामा थप सुधार गरी राजस्व प्रणालीलाई दिगो एवम् भरपर्दो बनाइनेछ।

१३.प्रदेश सरकारबाट विनियोजित बजेटको परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्न विनियोजन कुशलता र संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै वित्तीय अनुशासन कायम गरिनेछ। सरकारबाट सम्पादित कार्यलाई पारदर्शी, जवाफदेही र नतिजामूखी बनाइनेछ। सार्वजनिक सेवा प्रवाहलाई सरल, जनमुखी, सूचना प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाई सुशासन र समष्टिगत आर्थिक स्थायित्व हासिल गर्न बजेटमा विशेष ध्यान दिइनेछ।

मानननीय सभामुख महोदय,

अब म विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु:

१४. कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न कृषि पूर्वाधार, उन्नत बिउविजन, मलखाद, सिँचाई, आधुनिक प्रविधि, यन्त्र उपकरण, नश्लसुधार, पशु स्वास्थ्य, कृषि तथा पशु बीमा र कृषि प्रसार लगायतका सेवालाई थप प्रभावकारी बनाउने। जमीन तथा खेती चाक्लाबन्दी गरी सहकारी तथा सामुहिक खेतीलाई प्रवर्द्धन गर्ने। कृषि तथा पशुजन्य उत्पादनको भण्डार क्षमता एवं बजार पहुँच अभिवृद्धि गर्ने। मुख्यमन्त्री कृषि तथा पशुपन्छी विकास कार्यक्रमलाई निरन्तरता दिने। लगानीमा दिइँदै आएको अनुदानको प्रभावकारिता अध्ययन गरी प्रतिफलका आधारमा अनुदान दिने नीति अवलम्बन गर्ने। कृषिमा आधारित उद्योगलाई प्रवर्द्धन गर्ने। स्थानीयस्तरका उत्पादनशील क्षेत्रमा क्रियाशील कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने।

१५. निजी क्षेत्र समेतको सहभागितामा प्रदेश भित्रका प्राकृतिक, धार्मिक, आध्यात्मिक, साँस्कृतिक, ऐतिहासिक, साहसिक तथा मनोरन्जनात्मक पर्यटकीय गन्तब्यहरुको पहिचान, संरक्षण, प्रवर्द्धन र विकास गर्ने। पर्यटकीय क्षेत्रमा आवश्यक सडक, विद्युत, खानेपानी जस्ता पूर्वाधार विकास गर्ने।

१६. सडक, सडक पुल, झोलुङ्गे पुल, खानेपानी तथा सरसफाई, सिंचाई, ऊर्जा, आवास, भवन, सहरी विकास, यातायातजस्ता पूर्वाधार निर्माणमा जोड दिने। त्यस्ता आयोजना छनोट गर्दा दिगो एवम् उच्च

प्रतिफल दिने, बढी जनसंख्या लाभान्वित हुने र पर्याप्त रोजगारी सिर्जना गर्ने आयोजनालाई प्राथमिकता दिने।

१७. प्रादेशिक तथा जिल्ला अस्पताल र आयुर्वेद तथा प्राकृतिक चिकित्सालयको एकीकृत तथा योजनावद्ध विकास गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँच स्थापित गर्ने। कोभिड-१९ लगायतका महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाई यस विरुद्धको खोपलाई सर्वसुलभ बनाउने। अति गरिब, सीमान्तकृत तथा राज्यको मूलधारमा समाहित हुन नसकेका नागरिकहरुलाई स्वास्थ्य सेवामा विशेष छुट, स्वास्थ्य बीमा तथा सहुलियतको व्यवस्था गर्ने। स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुधार, स्वास्थ्य उपकरणको उपलव्धता, प्रयोगशालाको स्थापना र स्तरोन्नति, औषधि आपूर्ति र स्वास्थ्यकर्मीको क्षमता विकास तथा प्रोत्साहनमा जोड दिई गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउने। जनस्वास्थ्य सेवालाई थप प्रभावकारी बनाई गाउँघर क्लिनिकका माध्यमबाट महिलाको पाठेघर तथा स्तन सम्वन्धी क्यान्सर, मुटु, मिर्गौला तथा कलेजोको नियमित परीक्षण गर्ने व्यवस्था मिलाई नसर्ने कडा रोगलाई न्यूनीकरण गर्ने।

१८. आधारभूत तथा माध्यामिक विद्यालयको कक्षाकोठा, खेल मैदान, विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला र पुस्तकालय निर्माणमा सहयोग पुऱ्याउने। प्रदेशस्तरमा उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि नीति, कानून तथा पूर्वाधार विकास गर्ने। प्रदेशभित्रको भाषा, कला, संस्कृति र साहित्यको जगेर्ना गर्ने।

१९. खेलकूद तथा सीप विकासका माध्यमबाट युवा वर्गको सर्वाङ्गीण विकासमा जोड दिने। समाज सेवा, विपद् व्यवस्थापन र विकास निर्माणमा युवा श्रमशक्तिको परिचालन गर्ने।

२०. स्वदेशी तथा स्थानीय श्रम, सीप, पूँजी, प्रविधि एवम् कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना र विकासमा जोड दिने। आधारभूत उपभोग्य वस्तुहरूको उत्पादन तथा बजार प्रवर्द्धन र तुलनात्मक लाभ उच्च भएका वस्तुहरूको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने।

२१. परम्परागत पेशा तथा व्यवसायको जगेर्ना र व्यवसायिकीकरण गर्दै यस क्षेत्रका युवालाई उद्यमशील, रोगजार र स्वरोजगार बनाउन आवश्यक सीपमूलक तथा व्यावसायिक तालीम उपलव्ध गराउने। स्वरोजगार विकास कोषका माध्यमबाट युवालाई सीप, पूँजी र प्रविधि उपलव्ध गराई स्वरोजगार बनाउने ।

२२. प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापनबाट वन, जैविक विविधता र जलाधारको संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गरी वातावरणीय सन्तुलन कायम गर्न दिगो वन व्यवस्थापन, जल प्रणाली व्यवस्थापन, वन डडेलो नियन्त्रण, अनुकूलन उन्मुख जिविकोपार्जन जस्ता कार्यक्रमलाई प्राथमिकता दिने। वनस्पति उद्यान, पर्या-पर्यटनको विकास, वनजन्यवस्तु तथा सेवाको उत्पादन र न्यायोचित वितरणमा जोड दिने। नदीजन्य पदार्थ र वन पैदावरको संकलन तथा प्रशोधन गर्दा पर्ने वातावरणीय प्रभावलाई न्यूनीकरण गर्दै समुचित उपयोग गर्ने। जडिबुटीको उत्पादन, संकलन, प्रशोधन र

बजारीकरण सम्वन्धी नीतिगत तथा कानूनी व्यवस्था गरी जडीबुटी उत्पादन तथा प्रशोधन उद्योग स्थापनालाई प्रोत्साहन गर्ने।

२३. मानव विकास सूचकाङ्कमा पछाडि परेका, बहुआयामिक गरिवीको रेखामुनि रहेका तथा आर्थिक सामाजिक रुपमा वञ्चितिकरणमा परेका, महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सशस्त्र द्वन्द तथा जनआन्दोलनका घाइते लगायतका नागरिकहरुलाई सशक्तिकरण, मूलप्रवाहीकरण र समावेशीकरणको माध्यमबाट विकासको मूलप्रवाहमा समाहित गर्ने।

२४. सुरक्षा निकायको पूर्वाधार तथा क्षमता अभिवृद्धि गरी प्रदेशमा शान्ति सुरक्षा र अमनचयन कायम गर्ने। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत तथा पुनर्स्थापना गरी विपद् जोखिम न्यूनीकरण गर्ने।

२५. पहाडी तथा हिमाली क्षेत्रमा छरिएर रहेका वस्तीहरुलाई एकीकृत रुपमा बसोबास गराउन, विपद् जोखिममा परेका वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न, विकासको लागत कम गर्न र सेवा प्रवाहलाई सहज बनाउन एकीकृत विकास परियोजना सञ्चालन गर्ने नीति अवलम्वन गर्ने।

२६. आम सञ्चार क्षेत्रको विकास र पत्रकारको व्यवसायिक हकहितमा जोड दिने। सूचना प्रविधिको विकास र उपयोग गरी सार्वजनिक सेवालाई मितव्ययी, पारदर्शी, छिटोछरितो, जनमुखी र सेवाग्राहीमैत्री बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने।

२७. हाल कार्यान्वयनमा रहेका प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको लागि आगामी आर्थिक वर्षमा बजेट सुनिश्चित गर्ने। प्रदेश सरकारद्वारा निर्माण भई

सञ्चालनमा रहेका सडक, पुल, भवन जस्ता भौतिक सम्पत्तिको नियमित मर्मत सम्भारका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने।

**माननीय सभामुख महोदय,**

मैले माथि प्रस्तुत गरेका विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकताका आधारमा तयार हुने बजेट तथा कार्यक्रमबाट **'आत्मनिर्भर र समृद्ध सुदूरपश्चिमप्रदेश'** निर्माण गर्ने प्रदेश सरकारको दीर्घकालीन सोचलाई सहयोग पुग्ने दृढ विश्वास लिएको छु। माननीय सदस्यहरुबाट प्रस्तुत बजेटका सिद्धान्त र प्राथमिकता उपर बृहत् छलफल गरी रचनात्मक राय सुझाव र सल्लाह प्राप्त हुने अपेक्षा गरेको छु। माननीय सदस्यहरुबाट प्राप्त हुने अमूल्य सुझावलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

धन्यवाद

**जय सुदूरपश्चिम प्रदेश!!!**